प्यूठान नगरपालिका

प्यूठान नगर राजपत्र

खण्ड २ संख्या १४ प्यूठान नगरपालिकाद्धारा प्रकाशित मिति : २०७६

भाग २

**प्यूठान नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# प्यूठान नगर कार्यपालिकाको विषयगत समितिहरुको कार्य सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना :**

प्यूठान नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ माकार्यपालिकामा निर्णयकालागि पेश भएका प्रस्तावमा निर्णय गर्नु पूर्व आवश्यकताअनुसार राय सल्लाह र सुझावलिनकालागिविभिन्न समितिहरु रहने व्यवस्थाभएको र अनुसूची-३ माकार्य क्षेत्र तोकिएको विषयगत समितिले तोकिएको कार्य क्षेत्र भित्र रहीआफ्नो कार्यलाई व्यवस्थितवनाई नगरपालिकाबाट प्रदानगरिने सेवा र विकास निर्माण कार्यलाई अझप्रभावकारी वनाउन यो कार्यविधिवनाई प्यूठान नगरपालिका, नगर कार्यपालिकाले मिति २०७५।१०।१४ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ :१) यस कार्यविधिको नाम प्यूठान नगर कार्यपालिकाको विषयगत समितिहरुको कार्य संचालनकार्यविधि, २०७५ रहेको छ ।

२. यो कार्यविधिनगर कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

## परिच्छेद २

## कार्य सम्पादन प्रणाली

२. **विषयगत समितिहरुबाट कार्य फछ्र्यौट**

२.१) **समितिको वैठक**

१). नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली २०७४ ले प्रदान गरेको क्षेत्राधिकार भित्र रहीनगर कार्यपालिकाको वैठकमा पेश भएका प्रस्तावहरु उपर छलफलका लागि कार्यपालिकाको वैठक विषयगत समितिमा छलफलका लागि पठाइएको अवस्थामा आवश्यकता अनुसार संयोजक बाट वैठक वोलाउने सकिने छ।

२. आफ्नो कार्यक्षेत्र भित्र परेका विषयगत क्षेत्रहरुको विषयमा व्यापक छलफल, विगतका कार्यको समीक्षा र तत्कालीन कार्यको मूल्याङ्कन आगामी वर्षको कार्ययोजनाका लागि प्रत्येक ३/३ महिनामा समितिको वैठक वस्ने छ।

३. वैठकको निर्णयको प्रतिलिपिनगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

३. **कार्य सम्पादन**

१) समितिले अन्य विषयगत समितिहरुसंग समन्वय गरी नगर क्षेत्रको समग्र विकासमा सामुहिक उत्तरदायित्व बहन गर्नकालागि जिम्मेवार वन्नु पर्नेछ।

२) आफ्नो क्षेत्राधिकार भित्रकानगर सभातथाकार्यपालिका वैठकबाट स्वीकृत कार्यक्रमभित्र रहेका कामहरुको अनुगमनगर्ने, राय सल्लाह सुझावदिने कार्यलाई प्रभावकारी वनाउन सहयोग पुर्याउनु पर्नेछ। योजना तर्जुमा स्वीकृति तथा कार्यान्वयनमा सक्रिय भूमिका खेल्नु पर्नेछ।

३) विषयगत शाखा, गैर सरकारी संस्था तथा निजी क्षेत्रहरुलाई आवश्यक निर्देशन, सल्लाह सुझावदिई प्रभावकारी वनाउन समितिको भूमिका हुनेछ।

४) यसै बमोजिमको गानिने : यस कार्यविधि स्वीकृत हुनभन्दापहिले भए गरेका कार्यहरु यसै बमोजिम भए गरेको मानिने छ।

**प्रमाणिकरण मिति : २०७५/१०/२४**

**आज्ञाले**

**खिम ब. रायमाझी**

**प्रमुख प्रशासकीय अधिकृत**